मुगुम कार्मारोंग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुलु, मुगु

**आज मिति २०७५ साल फाल्गुण २६ गतेका दिन मुगुम कार्मरोंग गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्यु को अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले गरेका  निर्णयहरु :-**

**निर्णय नं १** :- यस गा.पा को प्रवक्ता तोक्ने प्रस्ताव माथि छलफल गर्दा वडा नं २ अध्यक्ष श्री कारमा तामांग लाइ नियुक्त गर्ने निणर्य भयो | गाउँसभा तथा कार्यालिका बैठक बाट गरिएका आधिकारिक निर्णयहरुको सार्वजनिकरण गर्ने जिम्मेवारी प्रवक्ताको हुने व्यहोरा समेत  निर्णय भयो |

**निर्णय नं २** . यस गा.पा ले संचालन गरेको व्यवसायिक कुखुरा पालन फर्म छाइल बाट अब उप्रान्त कुखुरा मासु तथा अन्डाको मूल्य देहाय अनुसार निर्धारण गर्ने निर्णय भयो |

क ) मासु  प्रति के.जी जिउदो रु. ७००.००
गर्भवती महिलालाइ प्रति के.जी जिउदो रु . ५०० (प्रति महिना १ पटक)
ख ) अण्डा क्यारेट रु ४०० (प्रति गोटा रु १५ )
गर्भवती महिला लाइ प्रति क्यारेट रु. ३०० (प्रतिगोटा रु १०) महिना को १ पटक मात्र

**निर्णय नं ३** रकमान्तर सम्म्बंधी प्रस्तावमाथि छलफल गर्दा दोश्रो गाउँसभाले स्वीकृत गरेको चालु खर्च तर्फको तलब शिर्षक (२११११) बाट निम्नानुशार खर्च शिर्षकमा रकमान्तर गर्ने निर्णय भयो |

| **खर्च शिर्षक** | **रकमान्तर भएको रकम** |
|---|---|
| २२३११ कार्यालय संचालन खर्च | रु १५ लाख |
| २२९१२ भ्रमण खर्च | रु १२ लाख |
| २२६११ अनुगमन मुल्यांकन खर्च | रु ५ लाख |
| २२१२२ अन्य भाडा | रु १ लाख |
| **जम्मा रकमान्तर** | **रु ३३ लाख मात्र** |

**निर्णय नं ४.** यस गाउँपालिका को (कार्य विभाजन)नियमावली २०७४ अनुसार गठन हुन बाँकि रहेको विधेयक समिति निम्नानुशार गठन गर्ने निर्णय भयो |

| | |
|---|---|
| संयोजक | सेटोल कामि |
| सदस्य | कार्मा तामांग |
| सदस्य | कार्मा फुन्जोक तामांग |
| सदस्य | छेवांग ग्याल्जेन तामांग |
| सदस्य धोर्पा | छिरिंग तामांग |
| सदस्य सचिव | तिर्थराज शाही |

**निर्णय नं ५** करारमा जनशक्ति व्यवस्थापन गर्ने प्रस्ताव सम्बन्धमा छलफल गर्दा यस गा.पा बाट २०७५ मङ्सिर १६ गते प्रकाशित विज्ञापन अनुसार माग भएका निम्न पदहरुको पदपूर्ति गर्न आवस्यक प्रकृया अघि बढाउने निर्णय गरियो |
- वि.नं ४/०७५/०७६ इलेक्ट्रीकल सव-इन्जिनियर १ जना ( आन्तरिक श्रोत बाट)
-वि.नं ३/०७५/०७६ सिभिल (आर्किटेक्ट) सव-इन्जिनियर १ जना (आन्तरिक श्रोत बाट)
-वि.नं ५/०७५/०७६ अ.न.मि १ जना (शसर्त अनुदान)

११/२८

सचिव
विकाश शर्मा रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मुगुम कार्मारोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुलु, मुगु

**आज मिति २०७५ साल फाल्गुण २७ गतेका दिन मुगुम कार्मरोंग गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्यु को अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले गरेका निर्णयहरु :-**

**निर्णय नं १** दोश्रो गाउँसभा बाट स्वीकृत भएको गा.पा अध्यक्ष रोजगार कार्यक्रम हाल सम्म संचालन नभएकोले गमगढी-नाक्चेलाङ्गा सडकखण्ड अन्तर्गत यस गा.पा क्षेत्र भित्र पर्ने सडकको विभिन्न स्थानमा मर्मत संभारगर्नको लागि प्रत्यक वडाको प्रतिनिधित्व हुने गरि आम जनसहभागितामा आधारित उपभोक्ता समिति गठन गरि योजना संचालन गर्ने निर्णय भयो |

**निर्णय नं २** यस गा.पा बाट संचालित व्यवसायिक कुखुरा पालन फर्म छाइलमा २ जना चौकीदार आवश्यक पर्ने भएकाले सो जनशक्तिको व्यवस्थापन वडा नं ९ ले गर्ने निर्णय भयो |

**निर्णय नं ३** यस गा.पा कार्यालयमा इन्टरनेट जडान गर्नको लागि आवश्यक पर्ने रकम तलब शिर्षक बाट रकमान्तर गरि खर्च गर्ने निर्णय भयो |

सचिव
विकाश शर्मा रिजाल
प्रमुख प्रशासकीय अधिकृत